## संयुक्त अपिल

**मितिः २०७७०२११**

नेपाल सरकारले विगत लामो समयदेखि ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल र विधवा महिला, लोपोन्मुख आदिवासी जनजाति र बालबालिकाका लागि सामाजिक सुरक्षा अर्न्तगत नगद प्रवाह कार्यक्रम प्रभावकारी रूपमा लागू गरिरहेको छ। यस प्रकारका सामाजिक सुरक्षा कार्यक्रमबाट सम्बन्धित व्यक्तिहरूलाई आर्थिक सहयोग भएको, केही मात्रामा भएपनि आत्मनिर्भर हुनको लागि सहयोग पुगेको, परिवारको हेरविचारमा सकारात्मक भावना देखिएको, साथै सामाजिक अवस्थामा पनि सुधार भई विभेदजन्य व्यवहारहरूमा कमी आएको जस्ता सकारात्मक प्रभावहरू पाइन्छन्।

गृह मन्त्रालय अर्न्तगत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०७६ चैत्र २६ गतेको निर्णयानुसार सामाजिक सुरक्षा नियमावली, २०७६ को कार्यान्वयन गर्न भन्दै सबै स्थानीय तहलाई अति अशक्त अपाङ्गता भएका व्यक्ति र ६० वर्ष मुनिका एकल/विधवा महिलाले पाउने सामाजिक सुरक्षा भत्ता निरन्तर नगर्नु भन्ने परिपत्र गरेकोमा हामी सामाजिक सुरक्षा नागरिक समाज सञ्जालको तर्फबाट गम्भीर ध्यानाकर्षण भएको छ।

नोबल कोरोना भाइरस (कोभिड-१९) विश्वव्यापी महामारीको रूपमा फैलिसकेको अवस्था रहेको छ। यस कारणले नेपाल पनि दिन प्रतिदिन प्रभावित बन्दै गएको र गत २०७६ चैत ११ देखि लागू भएको बन्दाबन्दीको कारणले पहिलेदेखि नै जोखिमताको अवस्थामा रहेका र अहिले थप असहज अवस्था भोलिरहेका एकल/विधवा महिलाहरू र अपाङ्गता भएका व्यक्तिहरूलाई नियमित संकट माथि संकट थपिने सम्भावना बढ्दै गएको देखिन्छ। अतः यस विषम् परिस्थितिमा थप सामाजिक सुरक्षाका कार्यक्रमहरु आउनु पर्नेमा नियमित सामाजिक सुरक्षा कार्यक्रमबाट समेत विमुख गराउनु भनेको अझ बढी जोखिमतामा धकेल्नु साथै मानवीय तथा अधिकारको दृष्टिकोणबाट समेत असान्दर्भिक देखिन्छ।

तसर्थ हामी सामाजिक सुरक्षासँग सम्बन्धित सम्पूर्ण संघ-संस्था तथा व्यक्तिहरूको तर्फबाट एकल/विधवा महिलाहरू र अपाङ्गता भएका व्यक्तिहरूले पाइरहेको सामाजिक सुरक्षा भत्ता नियमित गर्न अनुरोध गर्दछौं। सामाजिक सुरक्षा ऐन, २०७५ निर्माण गर्दा पाइरहेको सामजिक सुरक्षा भत्ताबारे सङ्घीय संसदबाट नै कमी कमजोरी भई गम्भीर त्रुटी हुन गएको हुँदा उक्त ऐन सच्याउन र पाइरहेको सुविधालाई निरन्तरता दिन नेपाल सरकार तथा सम्बन्धित सरोकारवाला निकाय समक्ष जोडदार माग गर्दछौं। साथै सामाजिक सुरक्षा ऐन २०७५ तथा यसको नियमावली संशोधन नभए सम्मका लागि चौमासिक रुपमा प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ताको चौथो किस्ता रकम वितरणलाई सहज बनाई दिनुहुन पनि माग गर्दछौं।

सम्पुर्ण नागरिक समाज तथा सञ्जालहरुको तर्फबाट

| | |
|---|---|
| सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल | गैर सरकारी संस्था महासंघ नेपाल |
| राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ | नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ |
| राष्ट्रिय अपाङ्ग महासंघ नेपाल | दलित गैर सरकारी संस्था महासंघ |
| नेपाल अपाङ्ग महिला संघ | नेपाल युवा संस्था सञ्जाल |
| दलित युवा सञ्जाल | दिगो विकास लक्ष्य राष्ट्रिय सञ्जाल नेपाल |
| एचआईभी संक्रमित महिलाको राष्ट्रिय सञ्जाल | बाल मैत्री स्थानीय शासन राष्ट्रिय मञ्च |
| महिला मानव अधिकार रक्षक राष्ट्रिय सञ्जाल | बालिका अधिकारका लागि राष्ट्रिय सञ्जाल |

| | |
|---|---|
| शान्तिका लागि साझा अभियान | दलित सेवा संघ |
| माइती नेपाल | आर्थिक सामाजिक साँस्कृतिक अधिकार सञ्जाल |
| महिला आत्मनिर्भरता केन्द्र | सामुदायिक आत्मनिर्भर केन्द्र |
| मानव अधिकारको लागि महिला, एकल महिला समूह | टुकी एशोसियसन सुनकोशी |
| जागृति बाल तथा युवा सरोकार नेपाल | समाज सेवा तथा मानव अधिकारमा महिला बालबालिका |
| नारी सेवा केन्द्र | इन्हुरेड इन्टरनेशनल |
| महिला पुर्नस्थापना केन्द्र | साथी |
| संकल्प नेपाल | शक्ति समूह |
| साउथ एसिया पार्टनरशीप-नेपाल | डेभलपमेन्ट एक्सचेन्ज सेन्टर-नेपाल |
| मितिनी नेपाल | नील हीरा समाज |
| जागरण मिडिया सेन्टर | मिडिया एड्भोकेसी ग्रुप |
| जूरी नेपाल | लू निभाः बाल सरोकार समूह |
| मतदाता अधिकार मञ्च नेपाल | स्टोरी किचन |
| एजिङ नेपाल | कामना फाउण्डेशन नेपाल |
| राष्ट्रिय युवा मञ्च | लुम नेपाल |
| पर्यावरणीय लोकतन्त्रका लागि दक्षिण एसियाली संवाद | परिवर्तनका लागि युवा |
| ग्रीन टरान नेपाल | आर्थिक तथा सामाजिक विकास संस्था |
| दलित नागरिक समाज | सरोकार फाउण्डेशन |
| युवा विकास केन्द्र | राष्ट्रिय मानव अधिकार प्रतिष्ठान |
| नेपाल जलवायु परिवर्तन महासंघ | होम इन्टरनेशन एकेडेमी |
| गोगो फाउण्डेशन | राष्ट्रिय आदिवासी महिला मञ्च |
| अप्सन नेपाल | नेपाल अपाङ्ग मानव अधिकार केन्द्र |
| राष्ट्रिय आदिबासी महिला मञ्च | मानव विकास संरक्षण समाज नेपाल |
| समाज सेवा र मानव अधिकारमा महिला युवा सशक्तिकरण | राष्ट्रिय जनवकालत मञ्च नेपाल |

भवदीय,

तिलोत्तम पौडेल
अध्यक्ष
सम्पर्कः ९८५११३३८५८